# संघीय संसद

# प्रतिनिधि सभा, २०७९

चौथो अधिवेशन

बैठक संख्या – ५१

## दैनिक कार्यसूची

२०८१ भदौ १३ गते बिहीबार

दिनको १:०० बजे

**(सम्भावित)**

**वार्षिक प्रतिवेदन पेश**

१. सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले “राष्ट्रिय मानव अधिकार आयोगको २३औं वार्षिक प्रतिवेदन, आ.व. २०७९/०८०” पेश गर्नुहुने ।

**जरुरी सार्वजनिक महत्वको प्रस्ताव**

२. माननीय सोबिता गौतमले “हवाई क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय संगठनहरुले नेपालका हवाई उड्डयन क्षेत्रलाई असुरक्षित भनिरहेको, हवाई दुर्घटनाहरुले एयरलाइन्स र हवाई यातायात उद्योगको छवि र विश्वासमा समेत असर परेको हुँदा तत्काल सुधारात्मक कदम चाली विश्वसनियता बढाउन आवश्यक भएकोले” भन्ने विषयको जरुरी सार्वजनिक महत्वको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

उक्त प्रस्तावका समर्थक माननीय डोलप्रसाद अर्याल, माननीय सन्तोष परियार, माननीय डा० तोसिमा कार्की, माननीय हरि ढकाल, माननीय मनिष झा, माननीय निशा डांगी, माननीय विनिता कठायत, माननीय शिव नेपाली, माननीय अशोक कुमार चौधरी, माननीय सुमना श्रेष्ठ, माननीय डा. चन्दा कार्की (भण्डारी), माननीय गणेश पराजुली र माननीय विन्दवासिनी कांसकारले समर्थन गर्नुहुने ।

**शोक प्रस्ताव**

३. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुनेः-

> “जनता समाजवादी पार्टी, नेपालबाट वि.सं. २०६४ र २०७० सालको संविधान सभाको निर्वाचनमा समानुपातिक सदस्यमा निर्वाचित सदस्य, हरेक लोकतान्त्रिक आन्दोलनमा सहभागी रहनु भएका श्रवण कुमार अग्रवालको ७७ वर्षको उमेरमा मिति २०८१ साल साउन २१ गते सोमबार असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

पद्म प्रसाद पाण्डेय<br>
महासचिव